गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
**शिक्षा शाखा**
**सुभाघाट , सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७५
चलानी नं.:

मितिः २०७५।०५।२५

विषय : सूचना ।

प्रस्तुत विषयमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद -३ को दफा ११ को उपदफा २ को खण्ड ज(१३) को सामुदायिक विद्यालय सन्चालन र व्यवस्थापनका लागि यस नगरपालिका भित्रका सामुदायिक विद्यालयमा करार शिक्षक, प्रारम्भिक बाल शिक्षक, विद्यालय कर्मचारी र स्थानीय स्रोतमा शिक्षकको सिफारिस गर्न गठित छनौट समितिका विषयमा ~~विषय~~ विज्ञहरुको सूची तहगत एवं विषयगत रुपमा निर्माणका लागि मिति २०७५।०५।२५ गते देखि लागु हुने गरि अनुमति लिइ परीक्षा हुन बाँकी रहेका परीक्षामा समेत नयाँ सूचीमा छनौट भएका विषय विज्ञबाट परीक्षा सन्चालन हुने भएकोले यो सूचना प्रकाशित गरिएको मितिले २०७५ भाद्र ३१ गते सम्म ७ दिने सूचना प्रकाशित गरिएको छ । यस नगरपालिका अर्न्तगतका सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिम योग्यता पुगेका सूचीमा सूचिकृत हुन ईच्छुक स्थायी शिक्षकहरुबाट आवश्यक कागजात सहित दरखास्त पेश गर्न आव्हान गरिएको छ ।

तपसिल

<u>प्राथमिक तह (कक्षा १-५) का लागि:</u>
१) कम्तिमा शिक्षा शास्त्रमा स्नातक गरेको ।
२) शिक्षण अनुभव वापत सम्वधित तहमा कम्तिमा ५ वर्ष पुरा गरेको र कम्तिमा सोही तहको स्थायी शिक्षक हुनपर्ने ।

<u>आधारभूत तह (कक्षा १-८) का लागि:</u>
१) कम्तिमा शिक्षा शास्त्रमा स्नातक गरेको ।
२) शिक्षण अनुभव वापत सम्वधित तहमा कम्तिमा ५ वर्ष पुरा गरेको र कम्तिमा सोही तहको स्थायी शिक्षक हुनपर्ने ।

<u>माध्यमिक तह (कक्षा ९-१०) का लागि:</u>

१) सम्बन्धित विषयमा कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तिर्ण गरि स्थायी भएको ।

२) तर अंग्रजी, गणित विज्ञान, विज्ञान, गणित, लेखा, अर्थशास्त्र, कम्प्यूटर विज्ञान, कृषी विषयमा माथी १ नं. बुँदामा उल्लेखित विज्ञ उम्मेदवार संख्या यस नगरमा न्यून रहेकोले सो को हकमा नियूक्ति भएको विषयमा स्नातक उत्तिर्ण भई शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तिर्ण गरि स्थायी भएको शिक्षक हुनुपर्ने छ ।

निवेदन दस्तुर वापत प्राथमिक तहका लागि रु ५००।-, आधारभूत तहका लागि रु ७५०।- र माध्यमिक तहका लागि रु १०००।- कायम गरिएको व्यहोरा समेत सबैमा जानकारी गराईन्छ ।

श्री सूचना प्रविधि प्राज्ञा
यो सूचनालाई वेबसाइटमा
अपलोड गर्नी ।
५।२५

५।२५
प्रमुख प्रशासकिय अधिकृत